प्रमाणीकरण मितिः २०८२/०६/०२

# स्थानीय राजपत्र

## स्थानीय सरकारद्वारा प्रकाशित

खण्डः २ संख्याः १० अभिलेखीकरण मितिः २०८३/०३/०८

## भाग-२

## भीमफेदी गाउँपालिका

स्थानीय सरकार सञ्चालन ऐन बमोजिम भीमफेदी गाउँपालिकाले बनाएको तल लेखिएबमोजिमको कार्यविधि सर्वसाधारणको जानकारीका लागि प्रकाशन गरिएको छ ।

## संवत् २०८३ सालको कार्यविधि-१०

# भीमफेदी गाउँपालिका पशु सेवा शाखाबाट संचालन हुने कार्यक्रमहरुको कार्यान्वयन कार्यविधि,२०८२

**प्रस्तावना**

भीमफेदी गाउँपालिकाको क्षेत्र भित्र निर्वाहमुखी र परम्परागत पशुपंक्षी तथा मत्स्यपालन क्षेत्रलाई व्यवसायिक बनाई पशुपंक्षी तथा मत्स्यजन्य पदार्थको उत्पादन र उत्पादकत्वको वृद्धिबाट कृषकहरुको जीवनस्तरमा आर्थिक सुधार र उन्नती मार्फत गाउँपालिकालाई पशुपंक्षी तथा मत्स्यजन्य उत्पादनमा आत्मनिर्भर बनाउने उद्देश्यले गाउँपालिकाले "भीमफेदी गाउँपालिका पशु सेवा शाखाबाट संचालन हुने कार्यक्रमहरुको कार्यान्वायन कार्यविधि, २०८२” बनाई लागू गरेको छ।

प्रमाणीकरण मितिः २०८२/०६/०२

## परिच्छेद-१

### १. संक्षिप्त नाम र प्रारम्भः

क. यस कार्यविधिको नाम "भीमफेदी गाउँपालिका पशु सेवा शाखाबाट संचालन हुने कार्यक्रमहरुको कार्यान्वायन कार्यविधि,२०८२" रहनेछ ।

ख. यो कार्यविधि भीमफेदी गाउँपालिकाको गाउँ कार्यपालिकाको बैठकबाट स्वीकृत भएको मितिबाट लागु हुनेछ।

### २. परिभाषा:

क. "भीमफेदी गाउँपालिका पशु सेवा शाखाबाट संचालन हुने कार्यक्रम" भन्नाले भीमफेदी गाउँपालिका पशु सेवा शाखाबाट संचालन हुने स्वीकृत वार्षिक कार्यक्रमहरुलाई जनाउँदछ ।

ख. "कार्यालय" भन्नाले भीमफेदी गाउँकार्यपालिकाको कार्यालय जनाउँदछ ।

ग. "कार्यपालिका" भन्नाले भीमफेदी गाउँपालिकाको गाउँ कार्यपालिकालाई जनाउँदछ ।

घ. "आर्थिक विकास समिति" भन्नाले भीमफेदी गाउँपालिकाको आर्थिक विकास समिति जनाउँदछ ।

ङ. "वडा समिति" भन्नाले भीमफेदी गाउँपालिकाको सम्बन्धित वडाको समिति जनाउँदछ ।

च. "वडा कार्यालय" भन्नाले भीमफेदी गाउँपालिकाको सम्बन्धित वडाको कार्यालयलाई जनाउँदछ।

छ. "प्राविधिक" भन्नाले भीमफेदी गाउँपालिकाको पशु सेवा शाखा अन्तर्गत कार्यरत पशु प्राविधिकहरुलाई जनाउँदछ ।

ज. "लाभग्राही/अनुदानग्राही" भन्नाले यस कार्यविधि बमोजिम निशर्त कार्यक्रम सञ्चालनका लागि छनौट भएका कृषक, समूह, समिति, सहकारी, संस्था, निजी उद्यमी, निजी फर्महरुलाई सम्झनु पर्दछ।

झ. "साझेदार /साझेदार संस्था" भन्नाले गाउँपालिकाबाट संचालन हुने कार्यकमको लागि छनौटमा परी सम्झौता गरेका आवेदक कृषक, समूह, समिति, सहकारी, संस्था, निजी उद्यमी, निजी फर्महरुलाई सम्झनु पर्दछ।

## परिच्छेद-२

## कार्यक्रम संचालन प्रक्रिया

### ३. लक्षित वर्ग र क्षेत्र:

क. वार्षिक स्वीकृत कार्यक्रममा उल्लेखित कार्यान्वयन हुने वडा तथा स्थान बमोजिम कृषक, समूह, समिति, सहकारी, फर्म, संस्था, निजी उद्यमी तथा लक्षित वर्गको पहिचान र निर्धारण गरी कार्यक्रम संचालन गर्नु पर्नेछ।

ख. स्थान नतोकिएको अवस्थामा कार्यक्रमको प्रकृति, उद्देश्य, स्थानीय आवश्यकता, सम्भावना र प्राथमिकताको आधारमा उपयुक्त स्थानको पहिचान गरी कार्यक्रम सञ्चालन गर्नुपर्नेछ।

४. <u>**प्रस्ताव आह्वानः**</u> कार्यालयले स्वीकृत कार्यक्रममा सहभागी हुन इच्छुक आवेदक, संस्थाहरुलाई लक्षित गरी प्रस्ताव पेश गर्न कम्तीमा १५ दिनको म्याद राखी अनुसूची-१ बमोजिमको सार्वजनिक सूचना प्रकाशन गर्नुपर्नेछ।

५. <u>**प्रस्ताव दर्ताः**</u> कार्यक्रममा सहभागी हुन इच्छुक आवेदकले अनुसूची-६ बमोजिमको कार्ययोजना, अनुसूची-४ बमोजिमको स्वघोषणा पत्र, अनुसूची-२ मा उल्लेखित अन्य आवश्यक कागजात सहित अनुसूची-३ को ढाँचामा आवेदन दर्ता गर्नु पर्नेछ।

६. <u>**आवेदकको योग्यताः**</u> आवेदकको योग्यता देहाय बमोजिम रहनेछः

क. अनुदानका लागि प्रस्ताव पेश गर्ने आवेदक संस्था सम्बन्धित निकायमा कार्यालयबाट सूचना प्रकाशन भएको मिति भन्दा पहिले दर्ता भएको हुनु पर्नेछ।

ख. सम्बन्धित कार्यक्रमको मापदण्ड वा शर्तहरु पुरा गरेका इच्छुक आवेदकले दफा-४ मा उल्लेखित समय सिमा भित्र आवेदन सहित सूचनामा माग गरेको आवश्यक कागजात तोकिएको कार्यालयमा पेश गर्नु पर्नेछ।

ग. आवेदकले विगत २ वर्ष यता कुनै पनि सरकारी निकायबाट सोहि प्रकृतिको कामको लागि अनुदान नलिएको अनुसूची-४ बमोजिमको स्वघोषणा पत्र पेश गर्नु पर्नेछ।

७. <u>**प्रस्ताव मूल्याङ्कन तथा प्रारम्भिक स्थलगत अनुगमनः**</u>

क. आर्थिक विकास समिति नै मूल्याङ्कन समितिको रुपमा रहि मूल्याङ्कन समितिको भुमिका निर्वाह गर्नेछ। मूल्याङ्कन समितिले प्राप्त भएका प्रस्तावहरुको प्रारम्भिक स्थलगत अनुगमन कार्य सञ्चालनको लागि अनुसूची-७ बमोजिमको ढाँचा प्रयोग गर्न सक्नेछ।

ख. उपदफा क. अनुसारको समितिले आवश्यक ठानेमा बढीमा ३ जनासम्म सम्बन्धित विषय विज्ञहरुलाई बैठक, प्रस्ताव मूल्याङ्कन, स्थलगत अनुगमन कार्यमा आमन्त्रण गर्न सक्नेछ।

८. <u>**साझेदार छनौटः**</u>

क. दफा ७ बमोजिम गठित मूल्याङ्कन समितिले अनुसूची-५ वमोजिम मूल्याङ्कन गर्दा अधिकतम अङ्कको ५० प्रतिशत वा सो भन्दा बढी अंक प्राप्त गर्ने आवेदकलाई मात्र छनौट गर्न गाउँकार्यपालिका बैठकमा अनुमोदनको लागि सिफारिस गर्नेछ।

ख. गाउँकार्यपालिकाको बैठकबाट आवेदक छनौट भए लगतै सम्बन्धित वडा कार्यालय मार्फत आवेदकहरुलाई जानकारी गराई कार्यक्रम संचालन प्रक्रिया अघि बढाईने छ।

ग. यस कार्यविधि अन्तर्गतका सञ्चालित कार्यक्रमहरुमा चालु आ.व.का लागि निर्वाचित जनप्रतिनिधि, गाउँपालिकामा कार्यरत कर्मचारी तथा सरकारी शिक्षकको एकाघरका सदस्यहरुलाई साझेदारको रुपमा समावेश गर्न पाईने छैन।

९. <u>सम्झौताः</u>

क. छनौट भएका स्वीकृत प्रस्तावका आवेदकहरुसँग कार्यालयले अनुसूची-८ बमोजिम सम्झौता गरी कार्यक्रम कार्यान्वयनको लागि अनुसूची-९ बमोजिमको ढाँचामा कायदिश दिइनेछ।

ख. तोकिएको अवधिभित्र सम्झौता हुन नसकेमा समितिको सिफारिसमा योग्यता क्रमको आधारमा छनौट हुने आवेदकसँग अनुसूची-८ बमोजिम सम्झौता गरी कार्यक्रम कार्यान्वयन गर्न सक्नेछ।

## परिच्छेद-३

## १०. कार्यक्रम संचालनको आर्थिक पक्ष

### १०.१ अनुदानको सीमाः

क. साझेदारबाट निर्माण हुने पूजीगत प्रकृतिका पशुपन्छी तथा मत्स्य विकास सम्बन्धी पूर्वाधारहरु र प्रजनन योग्य ब्याड भाले पशु खरिदको हकमा कुल लागतको अधिकतम ८५% प्रोत्साहन रकम प्रदान गर्न सकिनेछ।

ख. चालू प्रकृतिका पशुपन्छी तथा मत्स्य सम्बन्धी उत्पादन सामाग्री खरिदको हकमा अधिकतम ५०% प्रोत्साहन रकम प्रदान गर्न सकिनेछ।

ग. प्रविधि प्रसार, औषधी वितरण तथा तालिम गोष्ठी जस्ता कार्यक्रम सञ्चालनको हकमा अधिकतम १००% प्रोत्साहन रकम प्रदान गर्न सकिनेछ।

### १०.२ भुक्तानी प्रक्रियाः

क. अनुदान रकम सम्झौता भएको मिति भन्दा पहिले सम्पन्न भएका कार्यहरुमा खर्च गर्न पाइने छैन।

ख. सम्बन्धित साझेदारले सम्झौता अनुसारको कार्य सम्पन्न गरेपछि प्राविधिकले तयार गरेको कार्य सम्पन्न प्रतिवेदन (भौतिक संरचनाको हकमा), सम्बन्धित वडाको पशु प्राविधिक प्रतिवेदन, सक्कल बिल, बिमा ट्याग सहितको रङ्गिन फोटो, छरछिमेक, पशु प्राविधिक र वडाको जनप्रतिनिधिको रोहबरमा पशु खरिद गरी ल्याईएको मुचुल्का,वडा समितिको बैठकको निर्णय सहितको सम्बन्धित वडाको सिफारिस र अन्य आवश्यक कागजातको साथ भुक्तानीको लागि निवेदन पेश गरे पश्चात सम्बन्धित कार्यालयले स्थलगत प्रमाणीकरण र निरीक्षण गरी मनासिव ठहरेमा अनुदान रकमको ३ प्रतिशत

कन्टिनजेन्सी (भौतिक संरचनाको हकमा), र अन्य क्रियाकलापहरुमा नियमानुसार कर कट्टी गरी हुन आउने रकम साझेदारको बैंक खातामा भुक्तानी गर्नेछ।

ग. विभिन्न तालिम, गोष्ठी, दिवसीय कार्यक्रम, अनुगमन, अध्यावधिक, निरीक्षण, खरिद, ढुवानी/इन्धन खर्च, दैनिक भ्रमण भत्ता, फिल्ड भत्ता, संचार खर्च, कार्यविधि निर्माण ,व्यवस्थापन र सहजिकरण तथा अन्य शीर्षकहरुमा हुने खर्च भुक्तानीको लागि कार्यक्रमको टिप्पणी, प्रस्तवना, कार्ययोजना आदि कार्यालय प्रमुखबाट स्वीकृत/सदर गराई आवश्यक प्रक्रिया पुरा गरेको खण्डमा कार्यालयले स्वीकृत लागत अनुमान बमोजिम आवश्यक कागजात र सो कार्यको एकिन गरी नियमानुसार भुक्तानी गर्न सकिनेछ।

## परिच्छेद-४

## ११. विविध

११.१ **प्रगति प्रतिवेदनः** अनुदान प्राप्त गर्ने साझेदारले कार्य सम्पन्न पश्चात अर्धवार्षिक र वार्षिक रुपमा प्रगति प्रतिवेदन अनिवार्य रुपमा सम्बन्धित कार्यालयमा पठाउनु पर्नेछ साथै कार्यालयबाट माग गरे बमोजिमका विवरण उपलब्ध गराउनु अनुदानग्राहीको जिम्मेवारी हुनेछ।

११.२ **बीमा गर्नु पर्ने:** (१) यस कार्यविधि अनुसार पशु खरीदमा प्रोत्साहन स्वरुप नगद अनुदान प्राप्त गर्ने अनुदानग्राहीले पशुपन्छी तथा मत्स्यको अनिवार्य रुपमा बीमा गर्नु पर्नेछ ।

(२) बीमा नगरेको अवस्थामा पुग्ने जाने क्षतिको लागि अनुदानग्राही स्वयम् जिम्मेवार हुनेछ ।

११.३ **असुल उपर हुने:** साझेदारले सम्झौता बमोजिम अनुदान रकम लिई दुरुपयोग गरेको पाईएमा पालिकाबाट प्राप्त अनुदान रकममा प्रचलित व्याज सहित असुल उपर गरिनेछ।साथै २ वर्ष सम्म पालिकाबाट संचालन हुने अनुदानको कार्यक्रममा समावेश गरिने छैन ।

११.४ **दोहोरो सुविधा लिन नपाउने:** (१) अनुदानग्राहीले एउटै प्रकृतिको कामको लागि संघ, प्रदेश तथा स्थानीय तह वा एक भन्दा बढी निकायबाट अनुदान प्राप्त गर्न सक्ने छैन तर अन्य साझेदार निकायसँगको सम्झौता र लागत अनुमानमा साझेदारीको हिस्सा स्पष्ट उल्लेख गरिएको अवस्थामा अनुदान प्राप्त गर्न बाधा पर्ने छैन।

(२) अनुदान प्रवाह गर्दा विगतमा अनुदान प्राप्त नगरेकाहरुलाई प्राथमिकता दिनु पर्नेछ।

(३) उपदफा(१) मा जे लेखिएको भएता पनि प्रत्येक वर्ष उत्पादनमा आधारित दुग्धमा प्रोत्साहन अनुदान दिन, क्षमता विस्तार गर्न वा फरक कार्य गर्ने गरी एउटै अनुदानग्राहीलाई अनुदान प्रदान गर्न कुनै बाधा पर्ने छैन।

११.५ **<u>जिम्मेवारी हुने:</u>** यस कार्यविधिमा रहेका कार्यक्रमहरु सञ्चालन गर्दा आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र नियमावली, २०७७ तथा सार्वजनिक खरिद ऐन, २०६३ र नियमावली, २०६४ को पालना गरी वित्तीय अनुशासन कायम गर्ने/गराउने तथा गुणस्तरीय कार्य सम्पादनको सुनिश्चितता गर्ने जिम्मेवारी सम्बन्धित कार्यालय प्रमुखको हुनेछ।

११.६ **<u>संशोधन र बाधा अड्काउ फुकाउः</u>** (१) यस कार्यक्रमको कार्यान्वयनमा बाधा अड्काउ परेमा यस कार्यविधिको उद्देश्य विपरित नहुने गरी आवश्यकता अनुसार कार्यपालिकाले संशोधन तथा बाधा अड्काउ फुकाउन सक्नेछ।

(२) कार्यक्रमहरुको कार्यान्वयनका क्रममा कार्यक्रम सञ्चालन हुने स्थल, लाभग्राही परिवर्तन लगायतका विषयमा कार्यपालिकाले आवश्यक अनुसार निर्णय गरी परिवर्तन गर्न सक्नेछ।

११.७ **<u>अनुगमन तथा मूल्याङ्कन:</u>** (१) कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन गाउँपालिकाको अनुगमन समिति वा मूल्याङ्कन समिति वा आर्थिक विकास समितिले संयुक्त रुपमा वा छुट्टाछुट्टै आवश्यकता अनुसार गर्न सक्नेछ।

११.८ **<u>प्रचलित कानुन बमोजिम हुने:</u>** यस मापदण्डमा उल्लेख भएका बुदाँहरु कानुनसँग बाझिएमा प्रचलित कानुन बमोजिम हुनेछ।

## <u>परिच्छेद-५</u>

## १२. <u>कार्यक्रम तथा प्राविधिक पक्ष</u>

### १२.१ <u>घुम्ती पशु स्वास्थ्य शिविरः</u>

यस कार्यक्रम अन्तर्गत भीमफेदी गाउँपालिकामा भएका पशुहरुमा विभिन्न प्रजनन्, मेटाबोलिक र अन्य समस्या/रोगहरुको निदान, पहिचान तथा समाधानको लागि वडास्तरमा/किसानको गोठ-गोठ पुगेर निःशुल्क रुपमा पशु स्वास्थ्य सेवा सहितको उपलब्ध औषधीहरु वितरण गरी अस्वास्थ्य पशुहरुलाई स्वस्थ्य बनाउँन सहयोग गर्ने र उत्पादन बढाउँन सहयोग गर्ने उद्देश्यले पशु स्वास्थ्य शिविर संचालन गर्नु पर्नेछ।

क. <u>लाभग्राही:</u> यस कार्यक्रममा भीमफेदी गाउँपालिकाका पशुपालक कृषकहरु लाभान्वित हुन सक्नेछन्।

ख. <u>कार्यक्रम संञ्चालनको विधि/शर्तहरुः</u>

१) चालु आ.व. को बार्षिक बजेट तथा कार्यक्रममा भए बमोजिमको स्थानमा कार्यान्वयन हुने वा आवश्यकता अनुसार पालिकाको आर्थिक विकास समितिको निर्णयमा तोकिए बमोजिमको वडा/स्थानहरुमा संचालन हुनेछ।

२) शिविर संचालन गर्न आवश्यक पर्ने औषधी र अन्य सामाग्रीहरु खरिद गर्न सकिनेछ।

३) स्वास्थ्य सेवा र औषधी प्रदान गरे पश्चात लाभग्राहीको सम्पर्क नं सहितको विवरण उल्लेख गरी भरपाई लिनु पर्नेछ।

४) पशुहरुमा देखा परेका समस्याहरुको सम्बन्धित विषय विज्ञलाई बोलाई समाधान गर्न सकिनेछ।

५) दैनिक भ्रमण भत्ता तथा खाजा, खाना र ढुवानीमा खर्च गर्न सकिनेछ।

### १२.२ बंगुरपालन प्रवर्द्धन कार्यक्रमः

i. आवेदकः- भीमफेदी गाँउपालिकाको कृषक, दर्तावाल कृषक समूह/निजि फर्महरुले आवेदन दिन सक्नेछन्।

ii. कार्यक्रम संचालनको विधि तथा शर्तहरु :-

(१) कार्यक्रममा विनियोजित रकमबाट खर्च हुने गरी ५० प्रतिशत लागत साझेदारीमा उन्नत जातको स्वास्थ्य बंगुरको पाठा र पाठी वितरण गरिनेछ।

(२) व्यक्तिगत कृषकको हकमा प्रति कृषक एक जोडी पाठापाठी तथा दर्तावाल कृषक समूह/निजि फर्महरुको हकमा आवश्यकता अनुसार प्रति कृषक अधिकतम दुई जोडीसम्म पाठापाठी वितरण गरिनेछ।

### १२.३ भैंसीपालन प्रवर्द्धन कार्यक्रम :

क. आवेदकः यस कार्यक्रममा भीमफेदी गाँउपालिकाको कृषक, दर्तावाल कृषक समूह/सहकारी/नीजि फार्महरुले आवेदन दिन सक्ने छन्।

ख. कार्यक्रम संञ्चालनको विधि/शर्तहरुः

१) कार्यालयले साझेदार लाभग्राही छनौट गर्न सूचना आह्वान गर्नेछ।

२) यस कार्यक्रमबाट लाभग्राही साझेदार छनौट अनुसुची–५ बमोजिम हुनेछ।

ग. प्याकेज निर्धारणः कार्यालयले लाभग्राहीलाई प्रजनन् योग्य दुहुना माउ भैंसी खरिदको लागि प्रति साझेदार प्रति भैंसी कुल लागतको ५०% वा अधिकतम ५० हजार रुपैंया रकममा नियमानुसार करकट्टी हुने गरी प्रोत्साहन रकम उपलब्ध गराउन सक्नेछ।

घ. भैंसी खरिद प्रकृयाः

i) भैंसी खरिद गर्दा भीमफेदी गाउँपालिका क्षेत्र भित्र बाट खरिद गर्न पाईने छैन।

ii) शारीरिक रुपमा स्वास्थ्य तथा प्रजनन् योग्य उन्नत जातको दुधालु मुर्रा क्रस भैंसी खरिद गर्नु पर्नेछ।

iii) दैनिक कम्तिमा ७ लिटर दुग्ध उत्पादन गर्ने दुधालु भैंसी खरिद गर्नु पर्नेछ।

iv) भैंसी खरिद गरेको सम्बन्धित स्थानीय तहको वडा कार्यालयको सिफारीस, भेटेरिनरी प्रमाण पत्र, सक्कल बिल, बिमा ट्याग सहितको रङ्गिन फोटो, पशु प्राविधिक र वडा जनप्रतिनिधिको रोहबरमा

भैंसीको दुग्ध उत्पादन (लि.) उल्लेखित सहितको पशु खरिद गरी ल्याईएको मुचुल्का अनिवार्य पेश गर्नु पर्नेछ।

१२.४ परजीवी विरुद्ध निशुल्क औषधी वितरण कार्यक्रम:

क. लाभग्राही: यस कार्यक्रममा भीमफेदी गाउँपालिकाको सम्पूर्ण पशुपालक कृषकहरु बाह्य तथा आन्तरिक परजीवी विरुद्धको औषधीहरुबाट लाभान्वित हुनसक्ने छन्।

ख. कार्यक्रम संञ्चालनको विधि/शर्तहरु:

१) परजीवी विरुद्व आवश्यक पर्ने औषधीहरु सार्वजनिक खरिद ऐन २०६३ र नियामवली २०६४ वा प्रचलित कानुन बमोजिम खरिद गर्नु पर्नेछ।

२) यो कार्यक्रममा लाभग्राहीले निशुल्क रुपमा परजीवी विरुद्व औषधीहरु भीमफेदी गाउँपालिका पशु सेवा शाखा र सेवा केन्द्रबाट स्वयम् उपस्थित भई लिनु पर्नेछ।

३) प्राविधिकले औषधी वितरण गरे पश्चात लाभग्राहीको नामथर, दस्तखत, सम्पर्क नं, औषधी परिमाण र अन्य आवश्यक विवरण सहितको भरपाई सम्बन्धित वडाबाट प्रमाणित गरी प्राविधिक प्रतिवेदनको साथमा पशु शाखामा पेश गर्नु पर्नेछ।

४) आर्थिक विकास समितिको निर्णय बमोजिम कृषक समूह,कृषि सहकारी,निजी फर्ममा आवश्यकता अनुसार बाह्य तथा आन्तरिक परजीवी विरुद्धको औषधीहरु वितरण गर्न सकिनेछ।

१२.५ एकीकृत पशु स्वास्थ्य शिविर:

यस कार्यक्रममा भीमफेदी गाउँपालिकामा रहेका पशुहरुलाई नि:शुल्कमा पशु स्वास्थ्य सेवा सहितको आवश्यक औषधीहरु वितरण मार्फत अस्वास्थ्य पशुहरुलाई स्वस्थ्य बनाउँन सहयोग पुग्ने जसकारण उत्पादनको वृद्धि हुने र कृषकहरुलाई पशुपालनबाट जीवनस्तरमा सुधार गर्ने उद्देश्यले संचालन गर्नु पर्नेछ।

क. लाभग्राही: यस कार्यक्रममा भीमफेदी गाउँपालिकाका पशुपालक कृषकहरु लाभान्वित हुनसक्ने छन्।

ख. कार्यक्रम संञ्चालनको विधि/शर्तहरु:

१) चालु आ.व. को बार्षिक बजेट तथा कार्यक्रममा भए बमोजिमको स्थानमा कार्यान्वयन हुने वा पालिकाको आर्थिक विकास समितिको सिफारिसमा कार्यापालिकाको निर्णयमा तोकिए बमोजिमको वडामा संचालन हुनेछ।

२) यस कार्यक्रममा आवश्यक पर्ने औषधीहरु सार्वजनिक खरिद ऐन २०६३ र नियामवली २०६४ वा प्रचलित कानुनी बमोजिम खरिद गर्नु पर्नेछ।

३) पशु शाखाले पशु स्वास्थ्य शिविर कार्यक्रममा औषधी वितरण गरे पश्चात लाभग्राहीको नामथर, दस्तखत, सम्पर्क नं, औषधी परिमाण र अन्य आवश्यक विवरण सहितको भरपाई लिनु पर्नेछ।

## १२.६ गोठ खोर सुधार तथा निर्माण कार्यक्रम :

i. आवेदकः यो कार्यक्रममा कृषक, दर्तावाल कृषक समूह/समिति/सहकारी/फर्महरुले आवेदन दिन सक्नेछन्।

ii. कार्यक्रम संञ्चालनको विधि/शर्तहरुः

१) कार्यालयले साझेदार संस्था छनौट गर्न सूचना आह्वान गर्नेछ।

२) गोठखोर सुधार तथा निर्माण गर्दा यस गाउँपालिकाको प्राविधिक लागत अनुमान बमोजिम गर्नु पर्नेछ।

३) आवेदकले गोठ सुधारको हकमा कम्तीमा १ वटा माउ गाई/भैंसी/बाख्रा पालिरहेको हुनु पर्नेछ।

४) यस कार्यक्रममा साझेदार छनौट अनुसुची–५ बमोजिम गर्नु पर्नेछ।

५) कार्यालयले साझेदार संस्थालाई गोठ/खोर सुधार तथा निर्माणको लागि प्रति साझेदार प्रति गोठ/खोरको लागतको ५०% वा निर्माणको लागि अधिकतम रु.१,००,०००(अक्षेरुपी एक लाख मात्र/-) वा सुधार (गोठ मात्र) को लागि अधिकतम रु.५०,००० (अक्षेरुपी पचाँस हजार मात्र/-) प्रोत्साहन रकममा नियमानुसार करकट्टी हुने गरी उपलब्ध गराउन सक्नेछ।

## १२.७ पशुपंछी खोप तथा पारिश्रमिक खर्च कार्यक्रमः

पशपन्छीमा देखिने विभिन्न महामरीजन्य रोगहरु जस्तै लम्पी स्किन रोग, खोरेत, पिपिआर, रानीखेत, रेबिज, बर्ड फ्लु, भ्यागुते, चरचरे, ब्रुसेलोसिस क्लासिकल/अफ्रिकन स्वाईन फिभर, आदि रोगहरुको नियन्त्रणको लागि खोप तथा आवश्यक लजिस्टिक खरिद र उक्त खोप लगाए बापत खोपकर्तालाई पारिश्रमिक प्रदान गर्ने कार्यमा खर्च गर्न सकिनेछ ।

i.कार्यक्रम संञ्चालनको विधि/शर्तहरुः

१) खोपकर्ता छनौटको लागि भ्याक्सिनेटरको रुपमा रही काम गर्न इच्छुक ग्रा.प.स्वा. कार्यकर्ता, भेटेरिनरी जेटि/जेटिए वा भेटेरिनरी विषयमा औपचारिक शिक्षा हासिल गरेका नेपाली नागरिकहरुलाई आवश्यक कागजपत्र सहित आवेदन पेश गरि गाउँपालिकामा सुचिकृत हुनका लागि ७ दिनको प्रस्ताव आव्हानको सूचना प्रकाशन गर्नु पर्दछ। वा पशु सेवा कार्यालय, बागमती प्रदेश, मकवानपुर, हेटौंडाको चालु आर्थिक वर्षमा भीमफेदी गाउँपालिकामा भ्याक्सिनेटर(खोपकर्ता) को रुपमा सिफारिस भएका इच्छुक भ्याक्सिनेटर (आवश्यक कागजात अनिवार्य पेश गर्नुपर्ने) मार्फत खोप कार्य गराउँन कुनै बाधा अड्चन पर्ने छनै।

२) खोप कार्यमा संलग्न प्राविधिक भ्याक्सिनेटरहरुलाई पशुपन्छीमा खोप लगाए वापत ठूला चौपायाहरुको हकमा प्रति पशु रु.२० र साना चौपायाहरुको हकमा प्रति पशु रु.१० र पन्छीको हकमा प्रति पन्छी रु.१ पारिश्रमिक वापत रकम उपलब्ध गराउन सकिनेछ।

३) भ्याक्सिनेटरले खोप कार्य गरे पश्चात लाभग्राहीको दस्तखत, सम्पर्क नं, खोपको परिमाण र अन्य आवश्यक विवरण सहितको सम्बन्धित वडाबाट प्रमाणित भरपाई र प्राविधिक प्रतिवेदन कार्यालयमा पेश गरे पश्चात मात्र पारिश्रमिक रकम नियमानुसार करकट्टि गरी भ्याक्सिनेटरको बैंक खातामा भुक्तानी हुनेछ।

१२.८ <u>**भेटेरिनरी निरिक्षक:**</u> पशुपन्छी तथा मत्स्य औषधी वा जैविक पदार्थको गुणस्तर निर्धारित मापदण्ड अनुसार भए नभएको जाँच गर्ने उद्देश्यले यो कार्यक्रम सञ्चालन गर्नुपर्ने छ।

i. <u>कार्यक्रम संञ्चालनको विधि/शर्तहरु:</u>

क) पशु स्वास्थ्य तथा पशु सेवा ऐनको नियमावली, २०५६ को नियम(१९) मा व्यवस्था भएको भेटेरिनरी निरिक्षकको काम, कर्तव्य र अधिकार अनुसार गर्नु पर्नेछ।

ख) दैनिक भ्रमण भत्ता तथा स्टेसनरी खर्च।

१२.९ <u>**नश्ल सुधारको लागि राँगो वितरण:**</u> भैंसीहरुमा कृत्रिम गर्भाधान कार्यको सफलताको दर (३०-४५%) न्यून रहेकोले कृषकहरुलाई उच्च मानको राँगो वितरण गरी कृषकको आर्थिक नोक्सान कम गराउँने र नश्ल सुधार तथा प्रजनन् कार्यमा सहज बनाउँने उद्देश्यले यो कार्यक्रम सञ्चालन गरिने छ।

i. आवेदकः- भीमफेदी गाँउपालिकाको कृषक, दर्तावाल कृषक समूह/निजि फर्म/सहकारीहरुले आवेदन दिन सक्नेछन्।

ii. कार्यक्रम संचालनको विधि तथा शर्तहरु :-

(१) कार्यक्रममा विनियोजित रकमबाट खर्च हुने गरी अधिकतम ७० प्रतिशत लागत साझेदारीमा नश्ल सुधारको लागि उन्नत जातको स्वास्थ्य र प्रजनन् योग्य राँगो खरिद तथा वितरण गरिनेछ।

(२) अनुदान राँगो प्राप्त गरेका लाभग्राहीले प्रजनन् कार्यमा यस कार्यालयले तोकिए बमोजिमको प्रजनन् शुल्क लिनु पर्नेछ।

(३) लाभग्राहीले अनुदानको राँगोलाई कार्यालयसँगको दुईपक्षीय सम्झौतामा उल्लेखित समय अवधीसम्म पाल्नु पर्नेछ।

१२.१० <u>**पशुपंछी व्यवसाय प्रवर्द्धन कार्यक्रम:**</u> भीमफेदी गाउँपालिकाभित्र रहेर पशुपंछी पालन गर्दै आएका कृषकहरुलाई व्यवसाय तर्फ उन्मुख गराउने उद्देश्यले यो कार्यक्रम सञ्चालन गरिने छ।

i. आवेदकः- भीमफेदी गाँउपालिकाको दर्तावाल कृषक समूह/निजि फर्म/सहकारीहरुले आवेदन दिन सक्ने छन्।

ii. कार्यक्रम संचालनको विधि तथा शर्तहरु :-

(१) कार्यक्रममा विनियोजित रकमबाट खर्च हुने गरी अधिकतम ५० प्रतिशत लागत साझेदारीमा नश्ल सुधारको लागि मागको आधारमा उन्नत जातको स्वास्थ्य र प्रजनन् योग्य बाख्रा/गाई/भैंसी खरिद तथा वितरण गरिने छ।

(२) ५० प्रतिशत लागत साझेदारीमा वा अधिकतम रु.२०००००/- (अक्षेरुपी दुई लाख) रुपैंयामा नबढ्ने गरी गोठ/खोर सुधार तथा निर्माण कार्य गर्न प्रोत्साहन रकम खर्च गर्न सकिने छ। गोठखोर सुधार तथा निर्माण कार्य गर्दा यस गाउँपालिकाको प्राविधिक लागत अनुमान बमोजिम गर्नु पर्नेछ।

(३) ५० प्रतिशत लागत साझेदारीमा कृषि यन्त्र खरिद/पशु आहारा व्यवस्थापनमा खर्च गर्न सकिने छ।

(४) पशु स्वास्थ्य उपचार, पशुपंछी सम्बन्धी तालिम कार्यमा खर्च गर्न सकिने छ।

१२.११ **विविधः**

१२.११.१ **खरिद कार्य (सेवा प्रवाहको लागि आवश्यक सामाग्री खरिद, पशु सेवा केन्द्रबाट सेवा प्रवाहको लागि आवश्यक औषधी खरिद, Mother Container र Refri खरिद, घाँसको बिउ तथा बिरुवा वितरण कार्यक्रम। आदि):** यस शीर्षकबाट भीमफेदी गाउँपालिका पशु सेवा शाखाको सेवा प्रवाह तथा शाखा सञ्चालनलाई आवश्यक पर्ने सामाग्री तथा वस्तुहरु खरिद गर्न सकिने छ।

क. लाभग्राहीः खरिद पश्चात वितरण हुने वस्तुहरुको हकमा भीमफेदी गाउँपालिकाका पशुपालक कृषकहरु लाभान्वित हुनसक्ने छन्।

ख. कार्यक्रम संञ्चालनको विधि/शर्तहरुः

१) चालु आ.व. को बार्षिक बजेट तथा कार्यक्रममा भए बमोजिमको स्थानमा कार्यान्वयन हुने वा पालिकाको आर्थिक विकास समितिको सिफारिसमा कार्यापालिकाको निर्णयमा तोकिए बमोजिमको वडामा संचालन हुनेछ।

२) यस कार्यक्रममा आवश्यक पर्ने सामाग्री, औषधी र अन्य वस्तुहरु सार्वजनिक खरिद ऐन २०६३ र नियामवली २०६४ वा प्रचलित कानुनी बमोजिम खरिद गर्नु पर्नेछ।

३) खरिद वस्तुहरु वितरणको हकमा पशु सेवा शाखाले उक्त वस्तुहरुको वितरण गरे पश्चात लाभग्राहीको नामथर, दस्तखत, सम्पर्क नं, औषधी परिमाण र अन्य आवश्यक विवरण सहितको भरपाई लिनु पर्नेछ।

१२.११.२ **कार्यक्रम अनुगमन, मूल्याङ्कन, अध्यावधिक तथा ढुवानी खर्चः** यस शीर्षकबाट चालु/गतका आर्थिक वर्षहरुमा संचालन/सम्पन्न कार्यक्रमहरुको अनुगमन, मूल्याङ्कन, अध्यावधिक कार्य संचालन गर्दा खाजामा, खानामा, अनुगमन, मूल्याङ्कन तथा अध्यावधिक गरे बापत भत्तामा/दैनिक भ्रमण भत्ता तथा ढुवानी, इन्धनमा आवश्यकता एकिन गरी नियमानुसार करकट्टी हुने गरी खर्च गर्न सकिने छ।

१२.११.३ **पशु सेवा शाखा सञ्चालन खर्चः** यस शीर्षकबाट भीमफेदी गाउँपालिका पशु सेवा शाखाको सेवा प्रवाह तथा शाखा सञ्चालनलाई आवश्यक पर्ने सामाग्रीहरु खरिद, व्यवस्थापन, सहजिकरण, कार्यविधि निर्माण र अन्य क्रियाकलापहरुमा सहजिकरण गरे बापत स्वीकृत टिप्पणी/प्रस्तवना बमोजिम खर्च एकिन गरी नियमानुसार करकट्टी हुने गरी खर्च गर्न सकिने छ।

१२.११.४ **रोग निदान, फिल्ड तथा विविध खर्चः** यस शीर्षकबाट भीमफेदी गाउँपालिका पशु सेवा शाखाको वार्षिक स्वीकृत कार्यक्रमहरु गर्दा फिल्ड जादाँआउँदा र विभिन्न स्थानमा संक्रमण रोग जस्ता लक्षणहरु देखा परेको पशुहरुको नमुना सङ्कलन, रोग अन्वेषण, रोगको निदान र रोकथाम कार्य गर्दा खाजामा, खानामा, कार्यालयबाट भीमफेदी वडा नं १,७,८,९ गएको हकमा फिल्ड भत्तामा/दैनिक भ्रमण भत्ता, ढुवानी/इन्धन खर्च, तथा अन्य विविधमा आवश्यकता एकिन गरी उक्त खर्चमा नियमानुसार करकट्टी हुने गरी खर्च गर्न सकिने छ।

## अनुसूची-१
**(परिच्छेद-२ को दफा ४ सँग सम्बन्धित)**

### प्रस्ताव आव्हानको सूचना

प्रथम पटक सूचना प्रकाशन मितिः ..............

भीमफेदी गाउँपालिका पशु सेवा शाखको आ.व. .............. को स्वीकृत वार्षिक कार्यकम अनुसार ..............(कार्यक्रमको नाम) कार्यक्रम संचालनको लागि ..............(कार्यान्वयन हुने स्थान) अन्तर्गतका ईच्छुक पशुपालक कृषक/कृषक समूह/समिति/संस्था/निजि फर्महरुले यो सूचना प्रकाशित भएको मितिले २१ औं दिनसम्म कार्यालय समय भित्र उल्लेखित आवश्यक कागजात सहित सम्बन्धित वडा कार्यालय वा पालिकामा आवेदन/प्रस्ताव दर्ता गर्नुहुन आव्हानको लागि यो सूचना प्रकाशन गरिएको छ। साथै रीत नपुगी वा म्याद नाघि दर्ता भएका आवेदन/प्रस्तावहरु छनौट प्रकृयामा समावेश नगरिने व्यहोरा समेत जानकारी गराईन्छ।

| क्र.स. | कार्यक्रमको नाम | सङ्ख्या | अनुदान रकम (रु. हजारमा) | कार्यान्वयन हुने स्थान | लक्षित वर्ग/समुदाय | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | | | | |

थप जानकारीका लागि फोन नं............. मा सम्पर्क गर्नहुन अनुरोध छ।

(नोटः कार्यालयले कार्यक्रमको प्रकृति अनुरुप प्रस्ताव आव्हानको सूचना आवश्यक परिमार्जन गर्न सक्नेछ।)

## अनुसूची-२

**(परिच्छेद-२ को दफा ५ सँग सम्बन्धित)**

**आवेदन साथ संलग्न गर्नुपर्ने आवश्यक कागजातहरुको सूची:**

१. निवेदकको नेपाली नागरिकताको प्रतिलिपी

२. कृषक समूह/समिति/सहकारी/संस्था/निजि फर्मको सम्बन्धित निकायमा दर्ता/नविकरण भएको प्रमाण पत्र, PAN दर्ता प्रमाण पत्रको प्रतिलिपि

३. संस्थाको हकमा स्थायी लेखा नं र करचुक्ता गरेको प्रमाणपत्रको प्रतिलिपि कृषक समूह/समिति/सहकारी/संस्थाको हकमा कार्यक्रम संचालनको बैठक निर्णय प्रतिलिपि

४. सहकारी/संस्थाको हकमा सम्बन्धित व्यवसाय सञ्चालन गर्ने उद्देश्य खुल्ने कागजातको प्रतिलिपि

५. कृषक समूह/समिति/सहकारी/संस्थाले अनुदान माग गर्दा अनिवार्य रुपमा कृषक छनौट गरी कृषकको नाम र ठेगाना खुलाएको पत्र

६. कार्ययोजना अनुरुपको योग्यता,तालिम र अनुभव जनाउने कागजात

७. सम्बन्धित वडा कार्यालयको सिफारिस

८. जग्गा स्वामित्व देखिने प्रमाण वा जग्गा भाडामा लिएको भए कम्तिमा ५ वर्षको करार सम्झौता पत्र

९. आवेदकले विगत २ वर्ष यता कुनै पनि सरकारी निकायबाट सोहि प्रकृतिको कामको लागि अनुदान नलिएको स्वघोषणा पत्र

(नोटः कार्यालयले कार्यक्रमको प्रकृति अनुरुप आवश्यक कागजातहरुको सूचीमा परिमार्जन गर्न सक्नेछ।)

प्रमाणीकरण मितिः २०८२/०६/०२

# अनुसूची-३

**(परिच्छेद-२ को दफा ५ सँग सम्बन्धित)**

## आवेदनको ढाँचा

श्रीमान् कार्यालय प्रमूख/वडा अध्यक्ष ज्यू, मितिः...../... /......

.............................. ,भीमफेदी।

विषयः प्रस्ताव पेश गरिएको सम्बन्धमा।

प्रस्तुत विषयमा भीमफेदी गाउँपालिका पशु सेवा शाखाको आ.व. .............. को स्वीकृत वार्षिक कार्यक्रम कार्यान्वयनका लागि .........../...... /...... गते प्रकाशित सूचना अनुसार ................................................ कार्यक्रम सञ्चालन गर्ने इच्छा भएकोले तपसिल अनुसारका कागजातहरु संलग्न राखी यो निवेदन पेश गरेको छु/छौ। उक्त कार्यक्रम प्राप्त भएमा द्विपक्षिय सम्झौता र कार्यविधिमा भएका शर्त र मापदण्ड परिपालना गरि कार्यक्रम संचालन गर्ने प्रतिबद्धता गर्दछु साथै सम्झौता र मापदण्ड विपरित गरेको पाइएमा प्रचलित कानून बमोजिम सजायको भागेदार हुन मन्जुर रहेको व्यहोरा समेत अनुरोध छ।

संलग्न कागजातहरु,

१)

२)

३)

४)

५)

६)

७)

८)

९)

औंठा छाप

| दाँया | बाँया |
|---|---|
| | |

आवेदकको नामः-

पदः

ठेगानाः

संस्थाको नामः-

संस्थाको छापः-

सम्पर्क नंः-

प्रमाणीकरण मितिः २०८२/०६/०२

# अनुसूची-४

**(परिच्छेद-२ को दफा ५ सँग सम्बन्धित)**

## स्व-घोषणा पत्र

श्रीमान कार्यालय प्रमुख ज्यू,

भीमफेदी गाउँपालिकाको कार्यालय ।

प्रस्तुत विषयमा तहाँ कार्यालयको मिति......................का दिन प्रकाशित सूचना अनुसार ......................स्थित म ...................... ले .......................... कार्यक्रम प्रस्ताव पेश गरेको हुँदा तपसिलका बुँदाहरुमा प्रतिबद्धता व्यक्त गर्दछु/छौं यदि यस स्व-घोषणामा केहि झूठ पाइएमा प्रचलित कानून बमोजिम सजायको भागेदार हुन मन्जुर रहेको व्यहोरा समेत अनुरोध गर्दछु/छौ।

**तपसिल:**

१. विगत २ वर्ष यता कुनै पनि सरकारी निकायबाट सोहि प्रकृतिको कामको लागि म र मेरो एकाघर परिवारले अनुदान लिएको छैन।

२. म प्रस्ताव पेश गरेको कार्यक्रममा छनौट भएको खण्डमा सम्बन्धित कार्यविधि बमोजिम रहि कार्यक्रमको कार्यान्वयन गर्नेछु।

औँठा छाप

| दाँया | बाँया |
| --- | --- |
| | |

आवेदकको नामः-

पदः

ठेगानाः

संस्थाको नामः-

संस्थाको छापः-

सम्पर्क नं:

## अनुसूची-५

**(परिच्छेद-२ को दफा ८ को खण्ड 'क' सँग सम्बन्धित)**

## मूल्याङ्कनका मापदण्डहरु

कार्यक्रमको नामः

आवेदकको नाम र ठेगानाः

मितिः

मूल्याङ्कनः

| क्र.स. | सूचक | अधिकतम अंक | प्राप्तांक | कैफियत |
|---|---|---|---|---|
| १. | आवश्यक कागजातहरुको संलग्नता | ५ | | |
| २. | लक्षित वर्ग,क्षेत्र र मापदण्डको अनुरुप आवेदकको उपयुक्तता | १५ | | |
| ३. | प्रस्तावित कार्ययोजना अनुरुपको सामाजिक,भौगोलिक वातावरणीय र प्राविधिक उपयुक्तता | २० | | |
| ४. | भौतिक पूर्वाधार (बाटो, बिजुली, पानी, बजार सुविधा आदि) | १५ | | |
| ५. | आहारा व्यवस्थापन/घाँस खेती (१गाई/भैंसी वा १ बाख्राको लागि न्युनतम १ रोपनीलाई पूर्ण अंक मानी मूल्याङ्कन गरिने) | १० | | |
| ६. | हाल पालिरहेको पशु/पन्छी/मत्स्य संख्या/क्षेत्रफल (प्रस्ताव गरिएको कार्यक्रम सँग सम्बन्धित मात्र) | १० | | |
| ७. | सम्मान प्रकृतिका अनुदान गत दुई आ.व. मा प्राप्त नगरेको | १० | | |
| ८. | सामाजिक एवंम लैङ्गिक सहभागिता (महिला,दलित,जनजाति,अल्पसंख्यक वा लोपोन्मुख समुदायको आवेदक सदस्य भएमा) | ५ | | |
| ९. | वैदेशिक रोजगारीबाट फर्की पशु व्यवसायमा आबद्ध (५ वर्ष भन्दा बढी अवधीलाई पूर्ण अंक मानि) | ५ | | |
| १०. | सम्बन्धित क्षेत्रमा तालिम तथा अनुभव | ५ | | |
| | **जम्मा** | १०० | | |

(५० प्रतिशत वा सो भन्दा बढी अंक आउने आवेदकलाई मात्र छनौटका लागि सिफारिस गरिनेछ।)

(नोटः मूल्याङ्कन समिति/आर्थिक विकास समितिले कार्यक्रमको आवश्यकता अनुसार प्रस्ताव छनौटका आधार र अङ्कभार निर्धारण गर्न सक्नेछ।)

## अनुसूची-६

**(परिच्छेद-२ को दफा ५ सँग सम्बन्धित)**

## प्रस्ताव/कार्ययोजना

| | | | | | | |
|---|---|---|---|---|---|---|
| **आवेदकको विवरण:** | | | | | | |
| १ | प्रस्तावित कार्यक्रमको नाम: | | | | | |
| २ | कार्यक्रम कार्यान्वयन हुने स्थानको ठेगाना: | | | | | |
| ३ | आवेदकको नाम: | | | | | |
| ४ | ठेगाना: | | | | | |
| ५ | आवेदकको संम्पर्क नं: | | | | | |
| ६ | आवेदकको email address: | | | | | |
| ७ | आवेदक संस्थाको दर्ता नम्बर: | | | | | |
| ८ | दर्ता भएको निकाय,दर्ता मिति: | | | | | |
| ९ | भ्याट/प्यान दर्ता नम्बर: | | | | | |
| १० | आवेदकको बैंक खाता विवरण: | | | | | |
| ११ | प्रस्तावित कार्यक्रमको उद्धेश्य: | | | | | |
| १२ | | | | | | |
| १३ | | | | | | |
| १४ | | | | | | |
| १५ | प्रस्तावित कार्यक्रम कार्यन्वयन स्थलमा विद्यमान भौतिक पूर्वधारहरु: | | | | | |
| १६ | सडक सुविधा(छ/छैन) | | नजिकको बजारको नाम | | | |
| १७ | कस्तो सडक छ(कच्चि/पक्कि) | | बजार सम्मको दुरी(कि.मी ) | | | |
| १८ | बिजुलिको सुविधा(छ/छैन) | | सदरमुकाम देखीको दुरी(कि.मी) | | | |
| १९ | खानेपानीको सुविधा(छ/छैन) | | जगाको स्वामित्व(आफ्नै/लिजमा) | | | |
| २० | प्रस्तावित कार्यक्रमबाट प्रत्यक्ष लाभान्वित हुनेको संख्या: | | | | | |
| २१ | लक्षित समुदाय(अप्रत्यक्ष लाभान्वित हुनेको संख्या) | पूरुष | महिला | दलित | जनजाती | अन्य |
| २२ | | | | | | |
| २३ | प्रस्तावित कार्यक्रमबाट सम्पन्न गरिने क्रियकलापहरुको वृस्तित विवरण: | | | | | |
| २४ | | | | | | |
| २५ | | | | | | |
| २६ | | | | | | |
| २७ | प्रस्तावकले विगत वर्षमा सम्पन्न गरेका उल्लेखनिय कार्यहरु(प्रस्तावित कार्यक्रमसँग मेल खाने मात्र) : | | | | | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| २८ | | | | | | | | |
| २९ | | | | | | | | |
| ३० | | | | | | | | |
| ३१ | प्रस्तावित कार्यक्रम सम्बन्धी आवेदकको अनुभव र तालिम भए अवधी समेत खुलाउने: | | | | | | | |
| ३२ | अनुभव तथा तालिमहरु | | | | अवधी | | | |
| ३३ | | | | | | | | |
| ३४ | | | | | | | | |
| ३५ | प्रस्तावित कार्यक्रमले सृजना गर्ने थप रोजगारी संख्या: | | | | | | | |
| ३६ | आर्थिक प्रस्ताव: | | | | | | | |
| ३७ | मूख्य-मूख्य क्रियकलापहरु | इकाई | परिमाण | प्रति इकाई दर | कुल लागत रकम रु. | प्रस्तावकको योगदान रु. | कार्यालयबाट अनुदान रु. | कैफियत |
| ३८ | | | | | | | | |
| ३९ | | | | | | | | |
| ४० | | | | | | | | |
| VAT रकम रु. | | | | | | | | |
| कुल जम्मा रकम रु. | | | | | | | | |
| उल्लेखित सम्पूर्ण विवरणहरु सहि रुपमा पेश गरेको छु/छौ।कहि कतै झुठो ठहरेमा कानुन बमोजिम सजाय भोग्न तयार रहेको व्यहोरा समेत अवगत गराउँदछु/छौ। | | | | | | | | |
| प्रस्तावक कृषक/संस्थाको जिम्मेवार पदाधिकारीको विवरण | | | | | | | | |
| नाम: | | | | | | | | |
| पद: | | | | | | | | |
| हस्ताक्षर: | | | | | | | | |
| मिति: | | | | | | | | |
| **संस्थाको छाप:** | | | | | | | | |

प्रमाणीकरण मितिः २०८२/०६/०२

## अनुसूची-७

**(परिच्छेद-२ को दफा ७ को खण्ड 'क' सँग सम्बन्धित)**

## स्थलगत प्रमाणिकरण अनुगमनको ढाँचा

भीमफेदी गाउँपालिका

भीमफेदी, मकवानपुर।

**विषय: कार्यक्रमको स्थलगत प्रमाणिकरण अनुगमनको प्रतिवेदन पेश गरेको सम्बन्धमा ।**

यस भीमफेदी गाउँपालिकाबाट गठित आर्थिक विकास समिति अन्तर्गत रहको कृषि विकास तथा पशु सेवा शाखाको वार्षिक कार्यक्रमहरुको अनुगमन तथा मुल्याङ्कन समितिका निम्न पदाधिकारीहरुले तपसिलको वडामा सञ्चालित कार्यक्रम कार्यान्वयन अवस्थाको जानकारी एवं भुक्तानीको लागि सिफारिस गर्न मिति ........../..... /..... गते गरेको स्थलगत अनुगमनको प्रतिवेदन तपसिल बमोजिम रहेको व्यहोरा अनुरोध छ।

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| **अनुगमनका क्रममा गरिएको अवस्था विश्लेषण (चिन्ह लगाउने)** | | | | | | | | |
| वस्तुको विवरण | | | | | | | | |
| वस्तु भएको | वस्तु नभएको | जात | नश्ल | शारीरिक बनावट | रङ्ग | बेत | उत्पादन(दैनिक) | स्वास्थ्य अवस्था |
| | | | | | | | | |
| कार्य सम्पादन | उत्कृष्ट | | सन्तोषजनक | | सामान्य | | हाल वस्तुको विवरण | |
| सम्झौता र कार्यक्रमको उद्देश्य बमोजिम कार्य | | | | भएको | | नभएको | | |
| अन्तिम बिल रकम भुक्तानीको लागि सिफारिस | | | | योग्य | | अयोग्य | | |
| **अनुगमन समितिका पदाधिकारीहरु** | | | | | | | | |
| १ | संयोजक | आर्थिक वि.स. संयोजक | | | | | | |
| २ | सदस्य | आर्थिक वि.स. सदस्य | | | | | | |
| ३ | सदस्य | आर्थिक वि.स. सदस्य | | | | | | |
| ४ | सदस्य सचिव | कृषि विकास शाखा प्रमुख | | | | | | |
| ५ | आमन्त्रित | गा. पा. उपाध्यक्ष | | | | | | |
| ६ | आमन्त्रित | प्र. प्र. अधिकृत | | | | | | |
| ७ | आमन्त्रित | पशु सेवा शाखा प्रमुख | | | | | | |
| ८ | आमन्त्रित | | | | | | | |
| **साझेदारी तथा साक्षी** | | | | | | | | |
| ९ | | | | | | | | |
| १० | | | | | | | | |

## अनुसूची-८
**(परिच्छेद-२ को दफा ९ सँग सम्बन्धित)**

## द्विपक्षीय सम्झौता पत्र

भीमफेदी गाउँपालिका, गाउँकार्यपालिकाको कार्यालय (यस पछि प्रथम पक्ष भनिने) तथा भीमफेदी गाउँपालिका वडा नं. .............. निवासी श्री ......................................................... (यस पछि दोश्रो पक्ष भनिने) बीच ............................................................................ कार्यक्रम संचालनका लागि ................................................ कार्यविधिको अधिनमा रही तपसिल अनुसारको कार्यक्रम सञ्चालन गर्न निम्नानुसारका शर्तहरु पालना गर्ने मन्जुर भई यो सम्झौता गरी १/१ प्रति बुझिलियों/दियौ।

**तपसिलः**

१. यो सम्झौता, सम्झौता भएको मिति.............................. देखि प्रारम्भ भएको मानिनेछ र दोस्रो पक्षले मकवानपुर जिल्ला भीमफेदी गाउँपालिका ........ नं वडाको ................ स्थानमा .................. मिति सम्ममा कार्यक्रम सम्पन्न गर्नु पर्नेछ।

२. प्रथम पक्षले यस सम्झौता अनुसारको कार्यक्रम संचालनको लागि उल्लेख भए बमोजिम कार्य सम्पन्न पश्चात .......... % ( .......... प्रतिशत) मात्र वा रु. ...................।- (...........................मात्र) मा नबढ्ने गरी (नियमानुसारको करकट्टि गरी) अनुदान रकम दोस्रो पक्षलाई बैङ्क खाता मार्फत उपलब्ध गराउनेछ।

३. दोश्रो पक्षले सम्झौतामा उल्लेख भए बमोजिम कार्यहरु गर्दा प्रचलित कानुन, सम्बन्धित कार्यविधिको अधिनमा रही तोकिएको मापदण्ड अनुसारका कार्य गर्नु पर्नेछ। सो नगरेको खण्डमा प्रथम पक्ष सो कार्यको भुक्तानी गर्न बाध्य हुने छैन।

४. पशु/वस्तु खरिदको हकमा दोश्रो पक्षले खरिदको सक्कल बिल, भर्पाई, खरिद गरिएको वस्तुको सम्बन्धित स्थानिय तह वा वडा कार्यालयको सिफारिस र भेटेरिनरी प्रमाण पत्र (गाई/भैंसी/पशु खरिदको हकमा मात्र) साथै खरिद गरिएको पशु/वस्तुको रंगिन फोटो र आवश्यक अन्य कागजात अनिवार्य रुपमा प्रथम पक्षलाई पेश गर्नु पर्नेछ।

५. पशु खरिदको हकमा दोश्रो पक्षले मापदण्ड बमोजिम गुणस्तरीय तथा उन्नत/स्थानीय ........... जातको ...........दैनिक कम्तिमा .......... लिटर दुग्ध उत्पादन हुने/ कम्तिमा उद्देश्य अनुरुपको पशु/वस्तु खरिद गर्नु पर्नेछ।

६. दोश्रो पक्षले कार्य सम्पन्न प्रतिवेदन र आवश्यक कागजातहरु सहित भुक्तानीका लागि प्रथम पक्ष समक्ष पेश गरे पश्चात स्थलगत प्राविधिक मुल्याङ्कन प्रतिवेदनको आधारमा मनासिव ठहरेमा दोश्रो पक्षले गरेको कामको स्थलगत अनुगमन र निरीक्षण गरी प्रथम पक्षले भुक्तानी गर्नेछ।

७. दोस्रो पक्ष आफैले नगरी अन्य व्यक्ति मार्फत काम गराउन पाइने छैन।

८. दोस्रो पक्षको लापरबाहीको कारणबाट कार्य सम्पन्न नभई हानि नोक्सानी भएमा त्यसको सम्पूर्ण जिम्मेवारी दोस्रो पक्षले लिनेछ।

९. पशु खरिद पश्चात दोस्रो पक्षले अनिवार्य रुपमा खरिद पशुको बिमा गर्नुपर्नेछ।

१०. दोस्रो पक्षले अर्धवार्षिक रुपमा कार्यक्रमको प्रगति, उपलब्धी एवम् कारोवार सम्बन्धी विवरणहरु प्रथम पक्षलाई अनिवार्य रुपमा उपलब्ध गराउनेछ।

११. यस कार्यक्रमका लाभग्राहीहरुले कम्तिमा २ वर्ष (अवधी कार्यक्रम अनुसार घट्बढ हुने) सम्म अनिवार्य पशुपालन/वस्तुको संरक्षण गर्नुपर्नेछ, नगरेको पाईएमा कार्यालयबाट प्राप्त अनुदान रकम फिर्ता गर्नुपर्नेछ।

१२. दोस्रो पक्षले कार्यक्रम संचालन स्थलमा सबैले देख्ने गरी अनिवार्य रुपमा कार्यक्रमको नाम, ठेगाना तथा सहयोगी निकायको नाम र अनुदान रकम उल्लेखित बोर्ड राख्नुपर्नेछ।

१३. यो सम्झौतामा उल्लेख भएका कुराहरुमा यस बमोजिम र अन्य छुटेका विषयहरुमा प्रचलित ऐन नियम अनुसार हुनेछ।

| प्रथम पक्षको तर्फबाटः | दोस्रो पक्षको तर्फबाटः |
| --- | --- |
| हस्ताक्षरः | हस्ताक्षरः |
| नामः | नामः |
| पदः प्रमुख प्रशासकीय अधिकृत | ठेगानाः |

रोहबर/ साक्षी

| | |
| --- | --- |
| हस्ताक्षरः | हस्ताक्षरः |
| नामः | नामः |
| पदः | पदः |

**इति सम्बत ......... साल ........... महिना ........... गते रोज ....... शुभम् ।**

(नोटः कार्यालयले सार्वजनिक खरिद नियमावलीको अधिनमा रही द्विपक्षीय सम्झौताका बुदाँहरुमा संशोधन गर्न सक्नेछ।

प्रमाणीकरण मितिः २०८२/०६/०२

<u>अनुसूची-९</u>

**(परिच्छेद-२ को दफा ९ को खण्ड 'क' सँग सम्बन्धित)**

<u>कार्यदिश पत्र</u>

श्री ..................................................

भीमफेदी गाउँपालिका

वडा नं.........., मकवानपुर ।

<u>विषयः कार्यदिश दिएको सम्बन्धमा ।</u>

प्रस्तुत विषयमा भीमफेदी गाउँपालिका र / कृषक...............................................कृषक समूह/फर्म/सहकारी बीच मिति मा भएको सम्झौता बमोजिम .........................भीमफेदी गाउँपालिका वडा नं ................................... स्थित ......................................... कार्यक्रमको लागि पशु प्राविधिक, वडा अध्यक्ष, जनप्रतिनिधि र अनुगमन तथा मुल्याङ्कन समितिको समन्वयमा रहेर तोकिएको शर्तहरुको अधिनमा रही कार्य सुचारु गर्न कार्यदिश प्रदान गरिएको छ ।

.......................................

प्रमुख प्रशासकीय अधिकृत

प्रमाणीकरण मितिः २०८२/०६/०२

अनुसूची-१०

(परिच्छेद-४ को दफा ११ को उपदफा १ सँग सम्बन्धित)

## अर्धवार्षिक/ वार्षिक प्रगति प्रतिवेदन

आ.व.: प्रतिवेदन अवधि: कार्यलय कोड:

कार्यालयको नाम: स्थानीय निकायकव नाम: कार्यक्रम/आयोजनाको नाम:

स्थान: प्रतिवेदन(अर्धवार्षिक/ वार्षिक): रकम रु(हजारमा):

**क. प्रतिवेदन फारम**

| क. सं. | कार्यक्रम/ कृयाकलाप | इकाइ | वार्षिक लक्ष्य | | | अर्धवार्षिक लक्ष्य | | | अर्धवार्षिक प्रगति | | वार्षिक प्रगति | | सूचकमा आधारित प्रमुख प्रतिफल उपलब्धि/ | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | परिमाण | भार | बजेट | परिमाण | भार | बजेट | परिमाण | भारित | परिमाण | भारित | | |
| | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | |
| | कुल जम्मा | | | | | | | | | | | | | |

**ख. समस्या र समाधान**

| कार्यक्रमको नाम | कार्यान्वयनमा देखिएको समस्या | समस्या समाधानका लागि सुझाव |
|---|---|---|
| | | |

| तयार गर्नेः | जाँच गर्ने | प्रमाणित गर्नेः |
|---|---|---|
| नाम : | नाम : | नाम : |
| पदः | पदः | पदः |
| दस्तखतः | दस्तखतः | दस्तखतः |

आज्ञाले,
चेतनाथ न्यौपाने
प्रमुख प्रशासकीय अधिकृत